# पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**न्यूरोड,कास्की**

**गण्डकी प्रदेश, नेपाल**

**घर भाडामा लिने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७९।०५।१४**

यस पोखरा महानगरपालिकाका लागि घर भाडामा लिन आवश्यक परेकाले निम्न अनुसारका घर भएका इच्छुक घरधनीले तपशिल अनुसारका कागजात सहित सूचना प्रकाशन भएका मितिले ७ (सात) दिन भित्र सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना सार्वजनिक गरिएको छ ।

**शर्तहरु :**

१। भाडामा लिईने घरमा धारा, टेलिफोन, विजुली, सवारी साधन पार्किङ्ग एरिया, तथा शौचालय सुविधा भएको हुनुपर्नेछ ।

२। भाडामा दिने घर महानगरपालिकाको वडा न ८ न्युरोड सडक वा न्युरोड सडक वरिपरीको भौगोलिक क्षेत्रभित्र रहेको हुनुपर्नेछ ।

३। घरको क्षेत्रफल कम्तीमा १,००० वर्गफिट भएको हुनुपर्नेछ ।

४। निवेदन साथ घर बनेको जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ,नक्शा पास सम्पन्न प्रमाण पत्रको प्रतिलिपि, चालु आ.ब. को सम्पती कर तिरेको रसिदको प्रतिलिपि संलग्न गर्नूपर्नेछ ।

५। प्रस्तावमा मासिक भाडा रकम अङ्क र अक्षरमा खुलाई पेश गर्नूपर्नेछ र बहाल कर घरधनीले व्यहोर्न पर्नेछ ।

६। प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७९।०५।२१ गते दिनको ४:०० बजेसम्म ।

७। प्रस्ताव पेश गर्ने स्थान : पोखरा महानगरपालिका नगर कार्यापालिकाको कार्यालय, खरिद शाखा ।

८। प्रस्ताव स्वीकृत गर्ने / नगर्ने लगायतको अन्य कुरा महानगरपालिकाको निर्णय अनुसार हुनेछ ।

९। प्रस्ताव प्राप्त भए पश्चात घरभाडा मुल्याङकन समितिले निर्धारण गरे बमोजिमको दररेटलाई आधार मानी घर भाडा सम्झौता गरिने छ ।

१०। यस बारेमा थप कुरा बुझ्नु पर्ने भएमा यस महानगरपालिकाको निम्न फोन नम्बरमा सम्पर्क गर्न सकिनेछ ।

भण्डार तथा आपूर्ती शाखा : ०६१५४१९५६

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत